निर्णय नं : १

कृषि ज्ञान केन्द्र, लमजुङबार मिति २०७५/०६/१८ गते प्राप्त भएको चलानी नं २१ को पत्र बमोजिम कृषकहरुको वर्गीकरण गर्ने सम्बन्धमा वडा कार्यालयबाट दर्ता तथा नविकरण शुल्क सम्बन्धी व्यवस्थामा तपसिल वर्गका कृषकहरुलाई तपसिल बमोजिमको परिचय पत्र दर्ता तथा नविकरण सेवा शुल्क लिने निर्णय गरियो ।

तपसिल :

| सि.नं | कृषकको वर्ग | दर्ता तथा नविकरण सेवा शुल्क |
|---|---|---|
| १. | विशिष्ट कृषक | रु.१०,०००/- |
| २. | उद्यमी कृषक | रु.५,०००/- |
| ३. | व्यवसायीक कृषक | रु.२,०००/- |
| ४. | व्यवसाय उन्मुख कृषक | रु.१,०००/- |

निर्णय नं : २

मिति २०७५/०६/१९ गते यस नगरपालिकाका नगर उप प्रमुख श्री ज्ञानु शाहको अध्यक्षतामा संचालन गरिएको नगरपालिका भित्रका महिला जनप्रतिनिधि सँगको अन्तर्क्रिया कार्यक्रम वापतको खर्च (खाजा खर्च) रकम नियमानुसार भुक्तानी गर्ने गरी अनुमोदन गरियो ।

निर्णय नं : ३

सूचना प्रविधि विभागले निर्माण गरेको र सूचना प्रविधि विभाग र यस नगरपालिकाबाट संचालित हुने "सुन्दरबजार नगरपालिकाको मोबाइल एप" को मिति २०७५/०६/२८ गते सुन्दरबजार नगरपालिका स्थित नेवा खलको भवनमा बिहान ८:०० बजे सार्वजनिक गर्ने कार्यक्रम राख्ने निर्णय गरियो ।

निर्णय नं : ४

बडादशैं तथा दिपावली २०७५ को सु-अवसरमा नगरपालिकाको तर्फबाट सम्पूर्ण नगरवासीहरुको सुख, समृद्धि र दीर्घायुको कामना गर्दछौं । साथै, विभिन्न संचार माध्यमहरु मार्फत शुभकामना सन्देश प्रसारण गर्न अनुरोध गर्ने निर्णय गरियो ।